नेपाल सरकार
# मेलम्ची खानेपानी विकास समिति
पानीपोखरी, काठमाण्डौं

फोन नं. ४४४३४७३
४००६५४१
४००६५१९
४००६५२०
फ्याक्स: ०१-४००६५४१
E-mail: info@melamchiwater.gov.np
Website: www.melamchiwater.gov.np

पत्र संख्याः २०७७/०७८
चलानी नं.:

## प्रेस विज्ञप्ति

मितिः २०७८।०३।०२

### मेलम्ची नदीमा आएको बाढीले आयोजनामा पारेको क्षति सम्बन्धमा

राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाले आवश्यक पूर्वाधारका निर्माण कार्यहरु सम्पन्न भएपश्चात मिति २०७७ फागुन १० गतेबाट मेलम्ची नदीको पानी पथान्तरण गरी सुरुङ परीक्षण प्रारम्भ गरिएको थियो । विना कुनै प्राविधिक समस्या हालसम्म पथान्तरित पानी काठमाडौंमा वितरण गरीएकोमा प्राबिधिक निरिक्षणको लागि २०७८।३।१ गते बिहान ११ बजे देखि सुरुङ बन्द गरी सुन्दरीजलबाट मात्र पानी खाली गर्ने कार्य सुरु गरिएको थियो। सोहि दिन सिन्धुपाल्चोक जिल्लाको अम्बाथान स्थित हेडवर्क्स भन्दा माथि परिरहेको अबिरल बर्षाका कारण करिब साँझ ७ बजे तिर आयोजना क्षेत्रमा बाढी पस्न गएकोले आयोजनामा हुन गएको क्षतिले सम्पूर्ण आयोजना, निर्माण व्यवसायी, परामर्शदाता सबैलाई दुःखी बनाएको छ। आयोजना लगायत त्यस क्षेत्रमा हुन गएको मानवीय र पूर्वाधार एवं धनजनको क्षतिले हामी सबैलाई मर्माहित तुल्याएको छ।

यस प्राकृतिक प्रकोपले आयोजनाको क्याम्पहरु, उपकरणहरु, निर्माण सामाग्रीहरु, पहुँच सडकहरु तथा पुलहरुलाई बगाएको छ। आयोजनाको मुख्य बाँध यथास्थितिमा रहेको देखिएको छ भने आयोजनाको मुख्य सुरुङ तथा पानी प्रशोधन केन्द्रमा कुनै गम्भीर क्षति नभएको विवरण प्राप्त भएको छ। यद्यपि क्षतिको पूर्ण विवरण प्राप्त भई सकेको छैन।

हेडवर्क्स नजिकैको क्याम्प साईट बाढीले बगाएपछि रातीदेखिनै प्रहरी प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीयको सहयोग लिई समितिले खोज तथा उद्दारको कार्य सुरु गरेको थियो। यसै क्रममा आज बिहान हेलिकोप्टर मार्फत ७६ जनाको उद्दार गरी काठमाडौं र धुलिखेल ल्याइएको छ। आयोजनासंग सम्बन्धित ८ जना (३ जना चिनिया, ३ जना भारतीय र २ जना नेपाली) कामदारहरु सम्पर्क बिहिन अवस्थामा रहेका छन्। यसरी उद्दार भएका सबैको अवस्था सामान्य रहेको छ। सम्पर्कमा आउन बाँकी सहकर्मीहरुको खोजीमा सबै संयन्त्रहरु परिचालित गरिएको छ।

अन्तमा, सम्पर्कविहीन कामदारहरुको खोजी तथा उद्दारमा सबैको सहयोगका लागि अपिल गर्दछौं । साथै खोज तलास तथा उद्दार कार्यमा खटिएका कर्मचारी, सुरक्षा कर्मी, स्थानीय प्रशासन, नागरिक समाज, संचार कर्मी लगायत सबैमा हार्दिक धन्यबाद प्रकट गर्दछु।

.............................
राजेन्द्र प्रसाद पन्त
प्रवक्ता